# प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८० साल वैशाख ३१ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश सभाको बाह्रौं अधिवेशन मिति २०८०/०२/०९ गते मंगलवार अपराह्न ०१:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष अनुरोध गर्ने। |
| २. | प्रदेश सार्वजनिक खरिद नियमावली, २०८०" स्वीकृत गर्ने। |
| ३. | बागमती प्रदेश प्रहरी कार्यालय मातहतका १९ ओटा प्रहरी एकाइ भवनहरू अन्तर्गत २३ ओटा मर्मतसम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत विनियोजित रकम प्रहरी एकाइलाई कार्यक्रम संशोधन गरी आर्थिक मामिला तथा योजनाबाट खर्च अख्तियारी प्रदान गर्ने। |
| ४. | स्थानीय तहहरूलाई प्राकृतिक विपद् तथा जोखिम न्यूनीकरण अन्तर्गतका योजना/कार्यक्रमका लागि थप सशर्त अनुदान कुल रु. ६ करोड ६७ लाख ३५ हजार रकम अर्थ विविध चालुबाट रकमान्तर गरी सशर्त अनुदान बापत सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने । |
| ५. | क. भैंसे-भिमफेदी सडक खण्डको भिमफेदी गा.पा. वडा नं. ४ र ६ को सडक क्षेत्रको ऐलानी जग्गामा पर्ने २१ वटा घरटहरा हटाउनको लागि राहत स्वरूप रकम उपलब्ध गराउने,<br>ख. राहत बापतको उक्त रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले भिमफेदी गाउँपालिकालाई सशर्त अनुदान उपलब्ध गराउने,<br>ग. राहत रकम भुक्तानीको समन्वय भौतिक पूर्वाधार विकास मन्त्रालय वा मातहतको कार्यालयले गर्ने। |
| ६. | प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृति प्रदान गर्ने। |
| ७. | मानबनिर्मित पर्यटकीय ताल निर्माण आयोजनाको लागि दोलखा जिल्लाको जिरी नगरपालिका वडा नं. ५ मा करिब ७७५.६६ रोपनी जग्गा प्राप्ति गर्न जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, दोलखाका प्रमुखलाई जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक कारबाही चलाउने अधिकारी तोकिदिने व्यवस्थाको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८० साल वैशाख १३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश सभाको अधिवेशन मिति २०८० वैशाख १३ गते बुधवार राती १२:०० बजे देखि अन्त्य गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | गोपाल कृष्ण न्यौपाने, भरतपुर-१३, चितवनलाई प्रदेश सुशासन केन्द्रको कार्यकारी निर्देशक पदमा नियुक्त गर्ने। |
| ३. | स्थानीय तहहरूलाई आर्थिक वर्ष २०७८/०७९ मा प्रदान गरिएको प्रदेश समपूरक तथा विशेष अनुदानबाट सञ्चालित अधुरा आयोजना/कार्यक्रमहरू मध्ये सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौं संशोधन) बमोजिम २०८० असार मसान्त सम्म म्याद थप भई सिर्जित दायित्व व्यवस्थापनका लागि प्रदेश समपूरक र विशेष अनुदान तर्फका आयोजना/कार्यक्रमको लागि कुल रु.४ करोड १० लाख २१ हजार बराबरको रकम अर्थ विविधबाट रकमान्तर गरी सशर्त अनुदान बापत सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने। |
| ४. | स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान रकम स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।